# जीवनका पानाहरू

जीवनका पानाहरू खालि हुन्छ भन्छन
भोगेरै डढेरै धेरै लेखिन्छ  भन्छन
धूवाँ    जस्तै धेरै पोलेर बुझें
पानि जस्तै धेरै बगेर बुझें

सम्यायछु  धेरै बार, टेक्दा भास्ने माटोलाइ
ब्यर्थ खोजेछु नबुझि हिंड्दा हराउने बाटोलाइ
सार्है नै थाकि सकें बोकि उडदा खुम्चने आकाश
इच्छापनि  चोइटिसके पत्रियर आशाको

जीवनका पानाहरू खालि हुन्छ भन्छन
भोगेरै डढेरै धेरै लेखिन्छ  भन्छन
तारा झैं  बग्रेल्ति  झरेर बुझें
इंद्रेणि झैं  पटपट भाँचिएर बुझें

चुम्दिन कहिल्यै अब छुँदा झर्ने तारालाइ
बाँड्दिन स्पर्स गंध पनि, हरदिन लत्याउने बतासलाइ
पिल्सिसकें बल्झेर घाउ झरेको बिषको
सम्झना के गरुँ  अब,भाँचि सके को बिस्वास को

–कपिल अधिकारी